# 2016 विधान परिषद पूर्वी न्यू टेरिटोरिज भौगोलिक निवार्चन क्षेत्र उप-चुनाव बारेमा संक्षित्प जानकारी

**मतदानको मिति र समय**

- 28 फेब्रुअरी 2016 (आइतबार)
- बिहान 7:30 देखि रातीको 10:30 सम्म

**नामांकन समय**

- 5 – 18 जनवरी 2016

**नामांकनको लागि योग्यता**

- भौगोलिक निर्वाचन क्षेत्रमा दर्ता भएको मतदाता जो 21 वर्ष पुगिसकेको छ
- नामांकन भन्दा तुरून्तै अघि सामान्य तरीकाले तीन वर्ष देखि हङकङमा बस्दै आएको
- विधान परिषद अध्यादेश (अनुशीर्षक 542) को 37 खण्डमा दिए अनुसार अन्य नामांकन मापदण्ड पूरा गरेको

**नामांकन प्रक्रिया**

- मतदान फारमहरू जिल्ला कार्यालयहरू र दर्ता र मतदान कार्यालयको (REO) 10/F हार्बर सेन्टर, 25 हार्बर रोड, वान चाई मा उपल्ब्ध छन्। तिनीहरू REO को वेबसाइट (www.reo.gov.hk) बाट पनि डाउनलोड गर्न सकिन्छ।
- नामांकन फारमको पूर्वी न्यू टेरिटोरिज भौगोलिक निवार्चन क्षेत्र कम्तीमा पनि 100 जना तर 200 भन्दा कम दर्ता भएको मतदाता द्वारा सबस्क्राइब गरेको हुनुपर्दछ। प्रत्येक मतदाताले एउटा नामांकनको मात्र सबस्क्रारब गर्न सक्छ।

**मतदान**

- पूर्वी न्यू टेरिटोरिज भौगोलिक निवार्चन क्षेत्रको दर्ता भएको मतदाताले उप-चुनाव द्वारा मतदान गर्न सक्छन्।
- हरेक मतदाताको लागि मतदान केन्द्र तोकिएको हुनेछ।

- सम्बन्धित मतदाताहरूलाई चुनाब भन्दा करीब10 दिन अघि मतदान केन्द्र देखाउने कार्ड जारी गरिनेछ।

- मतदान केन्द्र हिड्डुल गर्न नसक्ने मतदाताहरू जानसक्ने खालको छ छैन भनेर पोल कार्डसँग भएको स्थान चित्रमा तोकिएको हुनेछ। यदि कुनै हिड्डुल गर्न नसक्ने मतदाताले तोकिएको मतदान केन्द्र जान नसक्ने खालको भएको पाएमा विलचियर जानसक्ने खालको तोकिएको विशेष मतदान केन्द्रको लागि फ्याक्स (2891 1180) गर्न सक्नुहुन्छ वा टेलिफोनमा (2891 1001) 23 फेब्रुअरी 2016 भन्दा ढिलो नगरी सम्पर्क गर्नुहोस्।

- मतदाताहरूलाई चुनाबको दिनको जानकारीहरूको अनुवादको लागि सहयोग चाहिएमा उनीहरूले अल्पसंख्यक जातीयहरूको लागि केन्द्र (CHEER) मा 15 फेब्रुअरी 2016 देखि हटलाइन मार्फत कल गर्नु सक्नुहुन्छ।

| **भाषा** | **हटलाइन नं.** |
|---|---|
| बहासा ईन्डोनेशिया | 3755 6811 |
| तागालोग | |
| थाई | |
| हिन्दी | 3755 6822 |
| नेपाली | |
| उर्दू | 3755 6833 |
| पन्जाबी | |

**भोट कसरी हाल्ने?**

- मतदान केन्द्रमा तपाईको HKID कार्ड लिएर आउनुहोस् र मतदान कर्मचारीलाई प्रस्तुत गर्नुहोस्।

- तपाईलाई मतपत्र, "✓" (टिक) चिन्ह भएको चपसँग पेपर बोर्ड दिइनेछ। तपाईको मतपत्रमा चिन्ह लगाउनको लागि प्रदान गरिएको चप प्रयोग **गर्नै** पर्छ।

- भोट हाल्ने कक्ष भित्र, मतपत्रमा तपाईको रोजाईको उम्मेदवारको नामको छेउको घेरामा चप लगाउनुहोस्। **एउटा** उम्मेदवारको लागि मात्र भोट हाल्नुहोस्। यदि तपाईले कुनै भुल गर्नु भयो भने, कृपया त्यहाँ भएको अधिकृतलाई मतपत्र फिर्ता गर्नुहोस् र अर्को साट्नको लागि भन्नुहोस्।

- भोट खसाल्ने बाकस भित्र भोट खसाल्नु अघि "✓" (टिक) चिन्हलाई छोप्न मतपत्रलाई एकचोटि दोबार्नुहोस्।

**स्वच्छ निर्वाचन**

भ्रष्टचार विरूद्ध स्वतन्त्र आयोगले (ICAC) लागू गरेको निर्वाचन (भ्रष्ट र अवैध व्यवहार) अध्यादेश (अनुशीर्षक 554) अनुसार मतदाताले यी कुराहरू गर्नुहुदैन:

- निर्वाचनको बेला मतदान न दिन, वा विशेष उम्मेदवारलाई मतदान दिन वा नदिन कुनै व्यक्तिबाट कुनै लाभ (उदाहरणको लागि पैसा, उपहार लगायत), खानपिन वा मनोरन्जनको सल्लाह दिनु वा स्वीकार गर्नु;
- कसैको मतदान गर्ने निर्णयलाई प्रभाव पार्न बल प्रयोग गर्नु वा प्रयोग गर्ने वा अवरोध गर्ने धम्की दिनु;
- मतदान गर्ने हकदार ब्यक्ति होइन भन्ने थाहा हुँदाहुदै पनि मतदान गर्ने; वा थाहा भएर पनि वा लापरवाही तरीकाले निर्वाचन अधिकारीलाई गलत जानकारी (उदाहरणको लागि गलत निवासको ठेगाना) दिने।